**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

# वैदेशिक रोजगार बोर्डको सचिवालय

**बबरमहल, काठमाडौं**

## सचिवालयबाट प्रदान हुने सेवाहरुको बारेमा सूचना

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।

- कामदार विदेश वा नेपालमा समेत बिरामी वा अंगभंग भएमा उपचारका १० लाख रुपैयाँ सम्म लागि आर्थिक सहायता।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधी उपचार सहयोग ।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागि कानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।
- महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुगेको स्थलसम्म निःशुल्क शव ढुवानी सेवा।
- मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधि पछि मृत्यु भएको भए २५ हजार रुपैयाँ आर्थिक सहायता प्रदान।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरुलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु ।
- उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिनेछ ।

**सम्पर्क विवरणः**
**वेब साईट: www.feb.gov.np http://shramadhan.moless.gov.np: facebook.com/molcallcenter इमेल: info@feb.gov.np; welfare@feb.gov.np; callcenter@feb.gov.np**
**श्रमाधान (कल सेन्टर)ः ११४१, १६६००१५०००५ (NTC बाट निःशुल्क),**
**फोन/इमो/भाईबर/हाट्सएपः +९७७९८४१३३४२२ भाईबर/हाट्सएपः ९८०१८०००१३**
**इमोः ९८०१३०००३३, शुल्क लाग्ने नम्बरः ९८०१८०००३३, ०१-५९७०००८ (२४सै घण्टा)**
**टेलिमेडिसिन (ईमो,भाईबर, हाटस्एप विहान १० देखि साँझ ६ बजे सम्म) ९८५१३४५७०१/७०२**